# माछापुच्छ्रे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ०७ संख्याः १६ मितिः २०८०।०८।१९

## भाग-२

सम्बत् २०८० सालको कार्यविधि नं ७

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गाउँपालिका गाउँकार्यपालिकाले बनाएको **"माछापुच्छ्रे गाउँपालिकाको पर्यटन सेवा शुल्क व्यवस्थापन कार्यविधि, २०८०"** सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## माछापुच्छ्रे गाउँपालिकाको पर्यटक सेवा शुल्क व्यवस्थापन कार्यविधि, २०८०

प्रस्तावनाः नेपालको संविधानको धारा ५७ को उपधारा ४ अन्तर्गत अनुसूची ८ मा उललेखित स्थानीय तहको अधिकारको सूची अन्तर्गत पर्यटन शुल्कको ब्यवस्था रहेको छ, स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा सेवा शुल्क लगाउन सक्ने ब्यवस्था छ । गाउँपालिका क्षेत्र भित्रका प्रमुख पर्यटकीय पदमार्गहरुमा ट्रेकिङ्ग गर्न आउने पर्यटकहरुबाट गाउँपालिकालाई प्राप्त हुने राजस्व संकलन गरी पदमार्गहरुलाई सुरक्षित र व्यवस्थित तुल्याउन बिभिन्न पूर्वाधार निर्माणका साथै अत्यावश्यक सेवाहरु प्रदान गरी दिईरहेका सेवाहरुलाई थप व्यवस्थित बनाउदै अन्य सेवाहरु थप बिस्तार गर्दै लैजानका लागि नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य प्रचलित कानून समेतबाट प्राप्त अधिकारको प्रयोग गरी स्वदेशी तथा विदेशी पर्यटकहरुबाट सेवा शुल्क उठाउनका लागि माछापुच्छ्रे गाउँपालिकाको गाउँ सभाबाट पारित आर्थिक ऐन, २०८० मा गरिएको ब्यवस्थालाई कार्यान्वयन गर्न र त्यसबाट उठेको रकमलाई गाउँपालिकाको क्षेत्रभित्र पर्यटन तथा अन्य आवश्यकीय पूर्वाधार विकास निर्माण क्षेत्रमा लगानी गर्न वान्छनिय देखिएकोले गाउँ कार्यपालिकाले माछापुच्छ्रे गाउँ कार्यपालिकाको पर्यटक सेवा शुल्क व्यवस्थापन कार्यविधि, २०८० तयार गरि लागु गरेको छ ।

### भाग -१
### प्रारम्भ

१.१ **संक्षिप्त नाम र प्रारम्भः** यस कार्यविधिको नाम **माछापुच्छ्रे गाउँपालिकाको पर्यटक सेवा शुल्क व्यवस्थापन कार्यविधि,२०८०** रहेको छ । यो कार्यविधि गाउँ कार्यपालिकाको निर्णय भएको मिति देखि लागू हुनेछ ।

१.२ **परिभाषाः**

क) गाउँसभाः भन्नाले माछापुच्छ्रे गाउँपालिकाको सभालाई जनाउने छ ।

ख) गाउँ कार्यपालिकाः भन्नाले माछापुच्छ्रे गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ

ग) पर्यटक सेवा शुल्कः भन्नाले माछापुच्छ्रे गाउँपालिका क्षेत्र भित्रका गाउँ कार्यपालिकाले तोकेका पर्यटकीय पदमार्गमा भ्रमण गर्ने पर्यटकबाट माछपुच्छ्रे गाउँ पालिकाको आर्थिक ऐन, २०८० मा उल्लेखित दरमा स्वदेशी तथा विदशी पर्यटकहरुबाट उठाउने रकमलाई सम्झनु पर्दछ ।

घ) कार्यालयः भन्नाले माछापुच्छ्रे गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

ङ) बैकः भन्नाले प्रचलित कानून बमोजिम नेपाल राष्ट्र बैंकवाट स्वीकृत प्राप्त माछापुच्छ्रे गाउँपालिकाले संचीत कोष संचालन गर्न तोकेको आर्थिक कारोवार गर्ने संस्थालाई सम्झनु पर्दछ ।

च) सञ्चीत कोषः भन्नाले माछापुच्छ्रे गाउँपालिकाको सञ्चीत कोषलाई सम्झनु पर्दछ ।

छ) सार्वजनिक जवाफदेहीको पदः भन्नाले पारिश्रमिक तोकिएको वा नतोकिएको जे भए पनि कुनै रुपमा निर्वाचित हुने नियुक्त हुने वा मनोनयन हुने कानुनी मान्यता प्राप्त सार्वजनिक काम, कर्तव्य र अधिकार भएको पद सम्झनु पर्दछ ।

माछापुच्छ्रे गाउँपालिका

ज) आर्थिक ऐनःभन्नाले माछापुच्छ्रे गाउँ पालिकाको आर्थिक ऐन, २०८० सम्झनु पर्दछ ।

झ) गाउँ कार्यपालिकाको कार्यालयःभन्नाले माछापुच्छ्रे गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

ञ) गाउँपालिका भन्नालेःमाछापुच्छ्रे गाउँ पालिका सम्झनु पर्दछ ।

## भाग २

## पर्यटक सेवा शुल्क सम्बन्धी व्यवस्था

२.१ गाउँपालिका भित्र गाउँ कार्यपालिकाले तोकेका पर्यटकीय पदमार्गमा पदयात्रा गर्ने स्वदेशी र विदेशी पर्यटकबाट आर्थिक ऐन,२०८० मा तोकेको दरमा पर्यटक सेवा शुल्क उठाइनेछ ।

२.२ पर्यटक सेवा शुल्क उठाउदा गाउँपालिकाले आफैले निर्माण गरेको र अन्य सेवा उपलब्ध गराएको मुख्य बाटो वा गाउँ कार्यपालिकाले निर्धारण गरि दिएको स्थानबाट उठाइनेछ ।

२.३ पर्यटक सेवा शुल्क उठाउदा नगदी रसिद प्रयोग गरिनेछ । रसिदको नियन्त्रण र अनुगमन गाउँ कार्यपालिकाको कार्यालयले गर्नेछ ।

२.४ पर्यटक सेवा शुल्क उठाउदा गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम आफै कर्मचारी खटाएर, आवश्यक संख्यामा कर्मचारी करार वा दैनिक ज्यालादारीमा लिएर, स्थानीय नागरिकहरुलाई स्वयमसेवकको रुपमा करार वा ज्यालादारीमा परिचालन गरेर वा ठेक्का पट्टा वा वोल कवोल गरेर वा कुनै संघ संस्थासँग सम्झौता गरि वा अन्य कुनै पनि माध्यमबाट गर्न सकिनेछ ।

२.५ जुनसुकै माध्यमबाट पर्यटक सेवा शुल्क उठाए पनि सम्झौताबाट भए सोही बमोजिम र अन्यथा भए दैनिक संकलित रकम सम्भव भए सम्म सोही दिन अन्यथा भोली पल्ट र सार्वजनिक विदा परे त्यस पछि बैक खुल्ने दिन संकलित भएको रकम गाउँपालिकाको संचित कोषमा जम्मा गर्नुपर्नेछ । भौगोलिक विकटता र मौसममा आउन सक्ने प्रतिकुलतालाई ध्यानमा राखी मनासिव समय थप दिन सक्ने अधिकार कार्यालयमा रहनेछ ।

## भाग -३

## संकलित पर्यटक सेवा शुल्क रकमको खर्च व्यवस्थापन

३.१ माथि उल्लेखित जुनसुकै माध्यमवाट संकलित भएको पर्यटक सेवा शुल्कको रकम सिधै खर्च गर्ने वा सापटी दिन वा अन्य प्रयोजनमा खर्च गर्न पाइने छैन ।

३.२ संचित कोषमा जम्मा भएको पर्यटक सेवा शुल्क गाउँ सभाले पारित गरेको नीति बमोजिम वार्षिक अनुमानित वजेट वनाई सोही अनुसारको वार्षिक योजना/कार्यक्रम स्वीकृत गरि खर्च गरिने छ ।

३.३ वार्षिक वजेट, कार्यक्रम तथा योजना वनाउदा कुल संकलित रकमको १५ प्रतिशतले हुन आउने रकममा सामन्यतया नबढने गरी कार्यपालिकाबाट तोकिएका प्रशासनिक क्षेत्रहरुमा खर्च गर्न पाइने छ।

३.४ प्रशासनीक खर्चमा विनियोजन भएको बढीमा १५ प्रतिशत रकम बाहेक बाँकी हुन आउने रकम कार्यपालिकाबाट तोकिएका पूँजीगत क्षेत्रहरुमा गाउँ सभावाट पारित वार्षिक अनुमानित वजेट तथा योजना एवं कार्यक्रम बनाइ प्राथमिकताका आधारमा मात्र खर्च गरिनेछ ।

३.५ पर्यटक सेवा शुल्कको संकलित रकम पर्यटन क्षेत्रलाई नै प्राथमिकता दिई खर्च गरिनेछ । पर्यटन क्षेत्र अन्तर्गत पर्यटक, पर्यटन व्यवसायी, पर्यटन मजदुर, पर्यटनसँग सम्बन्धित संघसंस्था आदिको प्रत्यक्ष वा अप्रत्यक्ष हित हुने गरी योजना तथा कार्यक्रम बनाएर मात्र खर्च गरिने छ ।

३.६ उल्लेखित दफा ३.५ को कुराले सो बाहेक पनि यस क्षेत्रका बासिन्दाहरुको आवश्यकता, माग, भौगोलिक जरुरता, आकस्मिक दुर्घटना, दैवीप्रकोप तथा औचित्य पुष्टि हुने क्षेत्रमा कार्यक्रम वनाइ गाउँ सभाले पारित गरेको नीति भित्र रहि गाउँ कार्यपालिकाको निर्णय बमोजिम खर्च गर्न बाधा पुऱ्याइएको मानिने छैन ।

## भाग ४

## पर्यटक सेवा शुल्क सम्बन्धी अन्य व्यवस्था

४.१ गाउँपालिका क्षेत्रमा पर्यटकसँग गाउँपालिकाको निर्णय बमोजिम गाउँ कार्यपालिका बाहेक अन्य कसैले पनि पर्यटक सेवा शुल्क उठाउन पाउने छैन । तर संघ र प्रदेश कानून बमोजिम हुने पदयात्रा अनुमति शुल्क, पर्यटक प्रवेश शुल्क, राष्ट्रिय निकुञ्ज प्रवेश शुल्क, पर्वतारोहण दस्तुर जस्ता व्यवस्था भने सोहि कानून बमोजिम नै हुने छ ।

४.२ गाउँपालिकाले निर्माण गरेका अन्य पूर्वाधार पार्क, बगैचा, उद्धान, सङग्रालय, मनोरञ्जन स्थल वा अन्य यस्तै ऐतिहासिक महत्त्वका संरचनाहरुको संरक्षण र सम्बर्द्धनका लागि त्यसको अवलोकन वा प्रयोग गरे वापत गाउँपालिकाले निर्णय गरे बमोजिम छुट्टै शुल्क लिन यसले बाधा पार्ने छैन ।

४.३ त्यस्तै कसैले निजी व्यवसायको रुपमा गाउँपालिकाबाट अनुमति लिई माथि उल्लेखित दफा ४.२ मा जस्तै पूर्वाधारहरु निर्माण गरी निजी संरचनामा पनि प्रयोग वा अवलोकनका लागि शुल्क लिनलाई यस कार्यविधिले वाधा पुऱ्याएको मानिने छैन ।

४.४ पर्यटक सेवा शुल्क उठाए वापत मात्रै कसैलाई कुनै पनि थप सेवा सुविधा वा सहुलियत दिईने छैन । यसको प्रयोग वार्षिक कार्यक्रम र बजेटको परिधीभित्र रही गाउँ सभाले गरेको नीति बमोजिम मात्र हुनेछ।

४.५ पर्यटक सेवा शुल्क उठाए वापत गलत सन्देश प्रवाह गर्ने व्यक्ति, संघसंस्था, ऐजेन्सीहरुलाई गाउँ कार्यपालिकाले निजले यस क्षेत्रमा गर्ने सेवा प्रवाहमा रोक लगाउन सक्नेछ ।

४.६ पर्यटक सेवा शुल्क नतिर्ने जुनसुकै स्वदेशी वा विदेशी नागरिकलाई गाउँ कार्यपालिकाले यस क्षेत्रमा सेवा वा घुमफिर गर्न रोक लगाउन सक्नेछ ।

४.७ कुनै पनि वहानामा पर्यटक सेवा शुल्क छुट वा मिनाहा दिइने छैन । तर गाउँ कार्यपालिकाले निर्णय गरि निम्न अवस्थामा पर्यटक शुल्कमा छुट वा मिनाहा दिन भने सक्नेछ ।

क) विदेशी पर्यटकका गाइड, सपोर्टर, १० बर्ष मुनिका बालबच्चा र माछापुच्छ्रे गाउँपालिकाका स्थानीय बासिन्दा ।

ख) नेपाल सरकार वा प्रदेश सरकारले छुट वा मिन्हा दिने भनि गरेको आदेश वा निर्देशन बमोजिमका व्यक्तिहरु ।

ग) गाउँपालिकाले सहकार्य गरेका व्यक्ति, संघ संस्था वा निकायमा कार्यरत व्यक्तिहरु।

ङ) सरकारी कामको सिलसिलामा सो स्थानमा भ्रमण गर्ने सरकारी कर्मचारी ।

च) उद्धारको कार्यमा खटिएका नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना तथा अन्य ब्यक्तिहरु ।

## भाग ५
## विविध

५.१ पर्यटक सेवा शुल्क सम्बन्धमा गाउँ सभाले गरेको निर्णय अन्तिम हुनेछ ।

५.२ यस शुल्क सम्बन्धमा गाउँ सभाले गाउँ कार्यपालिकालाई र गाउँ कार्यपालिकाले अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतलाई केही विषय तोकेर अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

५.३ यस कार्यविधिलाई समयानुकूल परिवर्तन, परिमार्जन तथा थपघट गर्ने सम्पूर्ण अधिकार माछापुच्छ्रे गाउँपालिकाको गाउँ सभामा निहित रहनेछ ।

५.४ यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा गाउँ कार्यपालिकाले निर्णय गरि त्यस्तो बाधा फुकाउन सक्नेछ ।

५.५ यो कार्यविधी गाउँ कार्यपालिकाको बैठकले पारित गरेको मिति २०८०।०७।०३ बाट लागु हुनेछ।

**आज्ञाले,**
**गोपी कृष्ण अर्याल**
**प्रमुख प्रशासकीय अधिकृत**

माछापुच्छ्रे गाउँपालिका